वैठक संख्या ६२

आज मिति २०८३ साल असोज १६ गते शुक्रवार विहान ११.०० वजे मन्थली नगरपालिका नगरकार्यपालिकाको ६२ औं वैठक नगरप्रमुख श्री लव श्रेष्ठको अध्यक्षता एवं देहायका पदाधिकारीहरुको उपस्थितिमा सञ्चालन गरियो ।

उपस्थिति

	नाम थर	पद	हस्ताक्षर
१	श्री लव श्रेष्ठ	नगर प्रमुख	
२	श्री इश्वरी बस्नेत	उप प्रमुख	
३	श्री गोपाल श्रेष्ठ	प्रवक्ता एवं वडा अध्यक्ष वडा नं. ८	
४	श्री होम प्रसाद पौडेल	१ नं. वडा अध्यक्ष	
५	श्री सुरेन्द्र बहादुर कार्की	२ नं. वडा अध्यक्ष	
६	श्री कृष्ण गोपाल थापा	३ नं. वडा अध्यक्ष	
७	श्री राजन घिमिरे	४ नं. वडा अध्यक्ष	
८	श्री रविन कार्की	५ नं. वडा अध्यक्ष	
९	श्री अशोक तामाङ्ग	६ नं. वडा अध्यक्ष	
१०	श्री भुवनहरी प्रसाई	७ नं. वडा अध्यक्ष	
११	श्री गोकर्णराज आरण	९ नं. वडा अध्यक्ष	
१२	श्री गोपिलाल तामाङ्ग	१० नं. वडा अध्यक्ष	
१३	श्री भिम वहादुर थापामगर	११ नं. वडा अध्यक्ष	
१४	श्री खिलेन्द्र वहादुर खत्री	१२ नं. वडा अध्यक्ष	
१५	श्री नवराज थापा मगर	१३ नं. वडा अध्यक्ष	
१६	श्री मोतिलाल तामाङ्ग	१४ नं. वडा अध्यक्ष	
१७	श्री उद्धव रम्तेल	कार्यपालिका सदस्य	
१८	श्री गणेश वहादुर माझी	कार्यपालिका सदस्य	
१९	श्री कुमारी सार्की	कार्यपालिका सदस्य	
२०	श्री मुना सार्की	कार्यपालिका सदस्य	मुना
२१	श्री उर्मिला वुढाथोकी	कार्यपालिका सदस्य	उर्मिला
२२	श्री राधा कार्की	कार्यपालिका सदस्य	
२३	श्री मान वहादुर वि.क.	कार्यपालिका सदस्य	
२४	श्री मनुका कामी	कार्यपालिका सदस्य	मनुका
२५	श्री नमिता रेग्मी (प्र.प्र.अ.)	सचिव	

आमन्त्रित उपस्थिती

१.	श्री फलाल लामाडा	वा.स. अध्यक्ष	
२	श्री [illegible]	[illegible]	

प्रमुख प्रशासकीय अधिकृत

मिति २०८३ साल असोज १६ गते शुक्रबार बसेको

मन्थली नगरपालिका नगरकार्यपालिकाको ६२ औं बैठकका निर्णयहरु

निर्णय नं. १

कार्यपालिकाको अघिल्लो ६१ औं वैठकमा भएका निर्णय र सो सम्बन्धमा भएका कार्यप्रगतिका वारेमा समीक्षा गरियो। निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो।

निर्णय नं. २

नेपालीहरुको महान चाँड वडा दशैं २०८३ को उपलक्ष्यमा शुभकामना आदान प्रदान गरिनुका साथै जनप्रतिनिधी, कर्मचारी, नगरवासी तथा सबै नेपाली दाजुभाईहरुमा शुभकामना व्यक्त गर्ने र दशैको समयमा हुन सक्ने अप्रीय घटना निराकरण गर्न र शान्ति सुरक्षा कायम गराउन सम्वद्ध सबै पक्ष क्रियाशिल रहने ।

निर्णय नं. ३

महालेखा परीक्षकको कार्यालयबाट खटिएको डोर टोलीबाट मन्थली नगरपालिकाको आ.व. २०८२/८३ को लेखा परीक्षण सम्बन्धमा प्रदान गरेको सुझाव र सो को कार्यन्वयनमा कार्यपालिकाको भूमिका सम्बन्धमा व्यापक छलफल गरियो। आ.व. २०८२/८३ को कार्यसम्पादन, सो भन्दा अगाडिको लेखा परीक्षणका सम्बन्धमा औंल्याईएका बेरुजु र बेरुजु न्यून गर्न अपनाउनु पर्ने कार्यहरुका सम्बन्धमा टोलीले प्रदान गरेको सुझावका आधारमा सम्बन्धित समितिहरुलाई समेत सक्रीय गराई सबै पक्ष क्रियाशिल रहने।

निर्णय नं. ४

वर्षाले क्षति पुर्याएका सडक मर्मत गरी चाड पर्वको समयमा यातायात सुचारु गर्न वडा शिलिङ्गबाट विनियोजित वजेटबाट आ.व. २०८२/८३ मा अपनाईएको खरिद विधी (कोटेशनका माध्यमबाट स्काभेटर/व्याक हो लोडर दर रेट माग गरी घण्टे बिधीको आधारमा प्राविधिक स्टमेट तथा मूल्याङ्कन/ परिमाणात्मक मूल्याङ्कन) अनुसार नै कार्य प्रक्रिया अगाडि वढाउने।

निर्णय नं. ५

मन्थली नगरपालिकाको **अभिभावकको साझेदारीमा कक्षा ६ का विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम सञ्चालन कार्यविधि २०८३** पारित गर्ने।

नमिता रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ६

मन्थली नगरपालिकाबाट सार्वजनिक सूचना मार्फत करार सेवामा लिन लागेका पद मध्ये मन्थली नगर अस्पतालका लागि माग गरिएको MDGP Doctor निक साइमन र नगंर अस्पतालबीच भएको सम्झौता बमोजिम निक साइमनबाट नै उपलब्ध भएको एवं हाल कार्यरत सूचना प्रविधि अधिकृतलाई नै कार्यसम्पादन मूल्याङ्कनका आधारमा सातौ तह कायम गर्न सकिने मन्त्रालयको च.नं. ६६ मिति २०८३/०४/२७ को परिपत्र बमोजिम हाल कार्यरत सूचना प्रविधि अधिकृतलाई सातौ तह कायम गर्न सकिने भएकाले ती विज्ञापन रद्द गरी मन्त्रालयको च.नं. प्र.शा. ३११/२५९ मिति २०८३/०४/१२ को परिपत्र बमोजिम दरखास्त शुल्क वापत लिएको राजस्व सम्बन्धित दरखास्तावालाको खातामा जम्मा गरिदिन कार्यालयलाई निर्देशन दिने।

निर्णय नं. ७

मन्थली नगरपालिकाको पशु सेवातर्फको आ.व. २०७९/८० को ५० प्रतिशत लागत साझेदारीमा सहकारी मार्फत नयाँ डेरी उद्योत स्थापना कार्यक्रमका लागि जनमैत्री साना किसान कृषि सहकारी संस्थासँग सम्झौता भई सो सहकारी संस्थाले सामाग्री खरिद गरेता पनि सम्झौता बमोजिम उद्योग सञ्चालन नगरेको गुनासोको सम्बन्धमा अनुगमन गरी राय सुझाव सहितको प्रतिवेदन तयार गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने।

संयोजक – श्री नवराज थापा मगर आर्थिक विकास समिति संयोजक

सदस्य – श्री भुवनहरि प्रसाई ७ नं. वडा अध्यक्ष

सदस्य- श्री रविन कार्की ५ नं. वडा अध्यक्ष

सदस्य- श्री गणेश मांझी कार्यपालिका सदस्य

सदस्य-पशु विकास उपशाखा

सदस्यं- कार्यदलबाट मनोनित सम्बन्धित क्षेत्रको विज्ञ

निर्णय नं. ८

मन्थली नगरपालिकाबाट गत आ.व. २०७९/८० देखि कृषि पशुसेवा तथा उद्यम लगायतका अनुदानका कार्यक्रमको सदुपयोग, दुरुपयोग तथा उपलब्धीका सम्बन्धमा अनुगमन गरी राय सुझाव सहितको प्रतिवेदन तयार गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने।

संयोजक – श्री नवराज थापा मगर आर्थिक विकास समिति संयोजक

सदस्य – श्री भुवनहरि प्रसाई ७ नं. वडा अध्यक्ष

रमेश शर्मा
प्रमुख प्रशासकीय अधिकृत

सदस्य- श्री रविन कार्की ५ नं. वडा अध्यक्ष

सदस्य- श्री गणेश माझी कार्यपालिका सदस्य

सदस्य- कृषि विकास उपशाखा

सदस्य- पशु विकास उपशाखा

सदस्य- उद्यम विकास उपशाखा

सदस्य- कार्यदलबाट मनोनित सम्बन्धित क्षेत्रको विज्ञ

निर्णय नं. ९

रसुवा बाढी पीडितको सहयोगार्थ मन्थली नगरपालिकाको तर्फबाट प्रधानमन्त्री राहत कोषमा उपलब्ध गराएको रु ३ लाख खर्च रकम अनुमोदन गर्ने।

निर्णय नं. १०

सामाजिक सुरक्षा भत्ता लिने लाभग्राहीहरुका लागि यथाशिघ्र सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन लाभग्राहीको नविकरणको कार्यमा सबै वडा कार्यालयहरुलाई थप क्रियाशिल गराउने।

निर्णय नं. ११

मन्थली नगरपालिकाको आर्थिक सहायता कार्यविधि २०७९ दोस्रो संशोधन २०८३ परिमार्जन सहित पारित गर्ने।

निर्णय नं. १२

फोहोरमैला व्यवस्थापनको चालु आ.व.मा ठेक्का बन्दोबस्तीका लागि दोस्रो पटकसम्म सूचना प्रकाशित गर्दा समेत हालसम्म ठेक्का बन्दोवस्तीको कार्य हुन नसकेकाले राजस्व परामर्श समितिको वैठक मार्फत मन्थली नगरपालिकाको आय ठेक्का बन्दोबस्ती कार्यविधि २०८२ बमोजिम ठेक्काको न्यूनतम अङ्क कायम गरी ठेक्का बन्दोवस्तीको पुनः सार्वजनिक सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने।

निर्णय नं. १३

वडाको सिफारिसका आधारमा मन्थली नगरपालिकाको १४ वटा वडाका सार्वजनिक स्थलमा सोलार वत्ती जडानका लागि प्रत्येक वडामा दुई वटाका दरले पोल तथा सोलार वत्ती उपलब्ध गराउने।

नविना रसाली
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १४

मन्थली नगरपालिकाको आ.व. २०७९/८० देखि हालसम्मको कार्य सम्पादनको प्रगति प्रतिवेदन प्रकाशनका लागि वडागत तथ्याङ्क तथा उपलब्धी उपलब्ध गराउन सबै वडामा पत्राचार गर्ने।

निर्णय नं. १५

मन्थली नगरपालिका वडा नं. १ को वसपार्क तथा आसपासका क्षेत्रमा अव्यवस्थित बंगुर पालन, जथाभावी पशु वध, फुटपाथ तथा वसपार्क लगायतका सार्वजनिक जग्गा अतिक्रमणका गुनासाका सम्बन्धमा सम्बन्धित टोल विकास संस्था समेतको सहभागितामा अनुगमन गरी प्राप्त प्रतिवेदनका आधारमा कार्य अगाडि वढाउन कार्यालयलाई निर्देशन दिने।

निर्णय नं. १६

खानेपानी तथा सिंचाईका लागि पाईप लगायतका माग निवेदनका सम्बन्धमां प्राविधिक अनुगमन गरी प्राविधिक प्रतिवेदनका आधारमा कार्य अगाडि वढाउन कार्यालयलाई निर्देशन दिने।

निर्णय नं. १७

मन्थली नगरपालिकाका नयाँ निर्माण भएका वडा कार्यालयको भौतिक व्यवस्थापनका लागि प्रति वडा कार्यालय रु २ लाख रुपैया उपलब्ध गराउने।

निर्णय नं. १८

परामर्शदाताबाट तयार भएको मन्थली नगरपालिकाको दोस्रो आवधिक योजनाको मस्यौदा प्रस्तुती माथि छलफल गरियो। छलफलमा प्राप्त सुझाव समेटी दोस्रो आवधिक योजना पारित गर्ने।

निर्णय नं. १९

मन्थली नगरपालिकाका वडामा गठित वडा विपद व्यवस्थापन समितिको वैठक राखी विपद प्रतिकार्यको तयारीका लागि सबै वडा कार्यालयलाई निर्देशन दिने।

निर्णय नं. २०

भूमि समस्या समाधान समितिबाट भूमिहिन दलित भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासको पहिचान र प्रमाणिकरणका लागि प्राप्त निर्देशन बमोजिमको कार्य तदारुकताका साथ सम्पादन गर्न सबै वडा कार्यालयलाई निर्देशन दिने।

निर्णय नं. २१

मन्थली नगरपालिकाबाट आ.व. २०८२/८३ मा सम्पन्न योजनाको अनुगमन तथा नदीजन्य पदार्थ उत्खनन सङ्कलन र निकासी कार्यको अनुगमनका लागि जिल्ला समन्वय समितिको कार्यालयमा

नविता शर्मा
प्रमुख प्रशासकीय अधिकृत

अनुरोध गरिएकोमा समयाभावका कारण अनुगमन गर्न नसकिएको जानकारी प्राप्त भएकोले चालु आ.व. २०८३/८४ मा सञ्चालन हुने आयोजना तथा नदीजन्य पदार्थ अनुगमन यथोचित समयमा गर्नका लागि जिल्ला समन्वय समितिमा अनुरोध गर्ने।

निर्णय नं. २२

मन्थली नगरपालिकाबाट सञ्चालित अल्पकालीन सेवा केन्द्र (सेफ हाउस)को अनुगमन प्रतिवेदन पारित गर्ने।

निर्णय नं. २३

संघीय शहरी विकास तथा भवन निर्माण कार्यालयबाट कार्यान्वयन हुने आयोजनका लागि देहाय बमोजिमका आयोजना प्रस्ताव गर्ने।

(क) भवन निर्माणतर्फ

१. फोहोरमैला प्रशोधन केन्द्र निर्माण मनपा ६
२. स्वास्थ्य चौकी भवन निर्माण मनपा ३ र मनपा ७
३. कृषि सेवा केन्द्र भवन निर्माण मनपा २, ३, ४, ५,७,९,१०,११,१२,१३, १४
४. कृषि उपज सङ्कलन केन्द्र निर्माण मनपा ८
५. भैरवी मावि भवन निर्माण मनपा ५
६. हरिसिद्धी आवि भवन निर्माण मनपा १०
७. नवदुर्गा आवि भवन निर्माण मनपा ७
८. भिमेश्वर आवि भवन निर्माण मनपा १४
९. मिल्ती जनज्योती आवि भवन निर्माण मनपा १४ प्रज्ञादातृ आवि भवन निर्माण मनपा ९
१०. सेतिदेवी मावि भवन निर्माण मनपा ४

(ख) सडक निर्माणतर्फ

१. पुरानागाँउ वडा कार्यालय हुदै खुरवेशी पोखरी सडक मनपा ९
२. पिपलबोट चिउरीपानी वडा कार्यालय वाहुनचुरा सडक निर्माण मनपा ९
३. जवदे महादेवटार वडा कार्यालय पोखरी सडक मनपा १०
४. मुगिटार वडा कार्यालय सडक मनपा ७
५. रणजोर खोला पुल सामलीस्थान सालु सडक मनपा ४
६. पिपलबोट वडा कार्यालय सडक मनपा २
७. भ्यागुरे भलुवाजोर वडा कार्यालय कुभिण्डे सडक मनपा ६
८. पोखरी बिश्ली खड्का गाँउ मिल्ती सडक मनपा १४
९. ठुली मदौ भदौरे ठाँटी वडा कार्यालय सडक मनपा ३

नमिता रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

१०. जवदे वरवोटे विमिरे हुदै सानीवेशी सडक मनपा ८

११. जवदे पडारे सानीवेशी पुरानागाँउ वडा कार्यालय सडक मनपा ८

१२. पिपलडाँडा चिउरीपानी ९ नं. वडा कार्यालय सडक मनपा ८

१३. गणेशचौक देखि वेलचौतारा सडक स्तरोन्नती मनपा ८

मन्थली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मन्थली, रामेछाप प्रदेश नं. १

नमिता रमी
प्रमुख प्रशासकीय अधिकृत